भूमे गाउँसभाको बैठकमा

अध्यक्ष श्री रामसुर बुढा मगरज्यूद्वारा प्रस्तुत

आर्थिक वर्ष २०७४/०७५ को

# नीति तथा कार्यक्रम

भूमे गाउँपालिका

मोराबाङ, रुकुम ।

३० श्रावण २०७४

**यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु,**

१. नेपालको संविधान कार्यान्वयनका क्रममा स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि संविधानमा व्यवस्था भएको स्थानीय तहको सरकारको तर्फबाट यस गरिमामय गाउँसभामा आर्थिक वर्ष २०७४।०७५ को भूमे गाउँ कार्यपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै हर्षित र गौरवान्वित महसुस गरेको छु । यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागि नेपाली जनताले पटक–पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन, माओवादी जनयुद्धको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै गणतन्त्रको स्थापनार्थ आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने शहीद, घाइते, अपाङ्गहरुको त्याग र बलिदानलाई उच्च सम्मान प्रकट गर्दछु ।

२. नेपाली जनताको सात दशक लामो संघर्षपछि संविधानसभाबाट नेपालको संविधान जारी भएसँगै नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, बहुलवाद, सामाजिक न्यायसहितको समानुपातिक, समावेशी प्रतिनिधिमूलक व्यवस्था, मौलिक हक र मानव अधिकार, नागरिक स्वतन्त्रता, धार्मिक स्वतन्त्रता जस्ता महत्वपूर्ण उपलब्धिहरु संस्थागत भएका छन् । राष्ट्रिय एकता, समता र समन्यायका साथ समाजवाद उन्मुख आर्थिक समृद्धि कायम गर्न अधिकार, साधन, स्रोत, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण गरी सार्वभौमसत्तासम्पन्न जनतालाई वास्तवमै अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ।

३. विगत पन्ध्र वर्षदेखि जनप्रतिनिधिविहिन रहेका स्थानीय निकायलाई संविधान अनुरुप पुनर्संरचना गरी प्रदेश नं. २ बाहेकका स्थानीय तहहरुमा पहिलो र दोस्रो चरणको निर्वाचन सम्पन्न भईसकेको छ । यस गाउँपालिकाको पनि दोस्रो चरणमf निर्वाचन सम्पन्न भई गाउँसभा र गाउँ कार्यपालिकाको गठन भईसकेको छ । संघीयता र स्थानीय सरकारका माध्ययमबाट लोकतन्त्रको आधारशिलाको रुपमा रहेको स्थानीय तहलाई अधिकार सम्पन्न बनाई **गाउँगाउँमा सिंहदरबार**को अवधारणालाई मूर्तरुप दिने चुनौति र अवसर हाम्रो काँधमा आएको छ।

४. स्थानीय तहको सरकारले कार्यपालिकीय, व्यवस्थापकीय र न्यायिक समितिको रुपमा न्यायपालिकीय अधिकार समेत प्रयोग गर्ने भएकाले नेपालको संविधानमा व्यवस्था भएका एकल अधिकार तथा साझा अधिकार सूचीभित्रका विषय कार्यान्वयनको दिशातिर उन्मुख हुँदै समृद्ध र समुन्नत भूमे गाउँपालिकाको निर्माणको लागि यथाशीघ्र विस्तृत कार्ययोजना बनाई कार्यान्वयनमा ल्याईनेछ ।

५. समृद्ध भूमे निर्माणका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई अझ प्रभावकारी बनाइनेछ। राजश्व र कर प्रशासन सम्बन्धी नीतिको निर्माण गरी पहिचान भएका राजश्वका श्रोत, दायरा र दर अनुसार राजश्व प्राप्त गर्न प्रभावकारी व्यवस्था गरिनेछ। **हामीले तिरेको कर हाम्रै लागि** भन्ने नाराका साथ सबै पेशा व्यवसायलाई करको दायरामा समेटिने छ। राजश्व र कर प्रशासन सम्बन्धी नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरी लक्ष्य अनुसार वा सोभन्दा बढी राजश्व संकलन गर्न सफल वडालाई प्रोत्साहन स्वरुप कूल राजश्वको केही प्रतिशत रकम उपलब्ध गराईनेछ । बजेट विनियोजन गर्दा वडागत जनसंख्या, भूगोल, पूर्वाधार लगायत वस्तुगत तथ्य र तथ्याङ्कका आधारमा संविधानले निर्दिष्ट गरेका लक्ष्य हासिल गर्ने गरी तय गरिनेछ। बजेट विनियोजनको दक्षता र खर्च गर्ने क्षमता अभिवृद्धि गरिनेछ । सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउँदै लगिनेछ ।

६. दिगो आर्थिक वृद्धि हासिल गरी आर्थिक विकास र समृद्धिको चाहनालाई सार्थक तुल्याउन वडा, टोल र बस्ती स्तरबाट प्राथमिकताका साथ छनौट भएका तथा गाउँपालिकाले समेत उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्न खोजेका कृषि, शिक्षा, स्वास्थ्य, ग्रामीण सडक, ऊर्जा, लघु तथा साना जलविद्युत, सूचना तथा संचार प्रविधिसँग सम्बन्धित आयोजनाहरुको कार्यान्वयन क्षमता बढाउनुका साथै प्रभावकारी र जवाफदेही अनुगमनको व्यवस्था गरिनेछ।

७. गाउँपालिकाको वित्तीय व्यवस्थापन क्षमता र जवाफदेहिता बढाइनेछ । जनप्रतिनिधिहरु र कर्मचारीको क्षमता अभिवृद्धिका लागि आवश्यक व्यवस्था गरिनेछ। सार्वजनिक सेवा प्रवाहलाई चुस्त,

दुरुस्त र प्रभावकारी बनाउन संगठन, जनप्रतिनिधि र कर्मचारीको व्यवसायिकताका लागि प्रोत्साहन, प्रवर्द्धन र पुरस्कारका साथै तालिमको पनि व्यवस्था गरिनेछ।

८. औद्योगिक क्षेत्रमा बाह्य लगानी बढाउन आवश्यक नीतिगत, कानूनी, प्रशासनिक तथा आर्थिक सुधारको लागि प्रयास गरिनेछ । लक्षित वर्ग तथा समुदायमा रहेका परंम्परागत कुटिर उद्योगहरुलाई समुहगत संचालनमा गई आधुनिकिकरण गर्ने प्रस्ताव गरेमा वडा कार्यालयको सिफारिसमा अनुदान दिने ब्यवस्था गरिने छ ।

९. कृषि सुधारका लागि कृषिको विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण गरिनेछ। प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नेपाल सरकारको नीतिलाई आत्मसात गर्दै थोपा तथा कुलो सिंचाई, मलखाद, बीउ बिजनको उपलब्धतामा सुधार गरिनेछ। पशुजन्य उत्पादन प्रोत्साहनका कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै सम्भावित क्षेत्रहरुमा नमूना बाख्रा फर्म, कुखुरा फर्म, तरकारी खेती, फलफूल खेती सञ्चालन गरी केही रोजगारीका अवसरहरु सिर्जना गरिनेछ र युवाहरुलाई कृषि क्षेत्रतर्फ आकर्षित गरिँदै लगिनेछ ।

१०. आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषक केन्द्रित कार्यक्रमहरुलाई अझ प्रभावकारी रुपले सञ्चालन गरिनेछ। पशु तथा बाली बीमा कार्यक्रममा कृषकको पहुँच सुनिश्चित गरिनेछ । प्राङ्गारिक मल निर्माणलाई व्यवस्थित गरेर **अर्ग्यानिक उत्पादनः भूमेको पहिचान** भन्ने नारालाई सार्थकता दिइनेछ।

११. उत्पादक र उपभोक्ताको अधिकार सुरक्षित गरी खाद्य सुरक्षा र खाद्य सम्प्रभूता सुनिश्चित गरिनेछ । कृषि उपजलाई वस्तु तथा मुद्रा विनिमयको आधारमा खरिद गरी संकलन, भण्डारण, वितरण र बजारीकरण गर्न खाबाङ बगर, काँडा बगर र गैरीगाउँमा कृषि उपज संकलन तथा भण्डार केन्द्रको स्थापना र ढुवानीका लाग सवारी साधनको व्यवस्था गरिनेछ। कृषि उपजको बजारीकरणको लागि माग र आपूर्तिको सूचना दिने कृषि सूचना प्रणालीको सम्भाव्यता अध्ययन कार्य सुरु गरिनेछ।

१२. "एक गाउँ एक प्राविधिक" कार्यक्रमलाई थप व्यवस्थित गरी प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याईनेछ । माटो परीक्षण पश्चात माटो सुहाउँदो बाली लगाउने कार्यलाई अभियानको रुपमा

संचालन गरिनेछ । उत्कृष्ट कृषक छनौट गरी वार्षिक रुपमा पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ । **“घर-घरमा करेसाबारीः कृषक रोजगारी”** को अवधारणालाई कार्यान्वयनमा ल्याईनेछ ।

१३. उत्पादनको पहिचान गरी कृषि पकेट क्षेत्र छनौट गरेर सबै वडाहरुमा नगदे बालीमा आधारित आलु, सिमी, भटमास, लसुन लगायत तरकारी खेती तथा कागती, केरा लगायत अन्य फलफूल खेतीको प्रवर्द्धनका लागि उपयुक्त स्थानमा कृषि उपकेन्द्र, बागवानी केन्द्रको स्थापना गरी कृषि पर्यटनमा जोड दिइनेछ। गाउँपालिका क्षेत्रभित्रका जडिबुटीहरुको पहिचान गरी जडीबुटीमा आधारित उद्योग स्थापनाको लागि आगामी आर्थिक वर्षभित्र कार्य आरम्भ गरिनेछ ।

१४. नेपाल सरकारको **"नेपालको पानी जनताको लगानी"** भन्ने मूल नारालाई सार्थक बनाउन सम्भावित स्थानमा हाइड्रो पावरको योजना बनाई स्थानीय जनताको समेत सेयर लगानी सुनिश्चितका लागि आवश्यक पहल गरिनेछ । निर्मित तथा निर्माणाधीन लघु तथा साना जलविद्युत आयोजनाहरुलाई व्यवस्थित गरिनेछ।

१५. अन्तर गाउँपालिका, अन्तर वडा र अन्तर गाउँसम्म सडक संजालको सुनिश्चत गरिनेछ । सडक नपुगेका ठाउँहरुमा नयाँ ट्र्याक खोल्ने र ट्र्याक खोलिएका सडकहरुमा स्तरोन्नतिका लागि आवश्यक बजेट विनियोजन गरिनेछ। सडक यातायातलाई निरन्तर सुचारु गर्न सम्भव भएसम्म आ.व. २०७४।०७५ भित्रै हेभी इक्विपमेन्टको व्यवस्था गरिनेछ।

१६. सामाजिक, साँस्कृतिक तथा ऐतिहासिक पहिचान नमेटिने गरी ग्रामीण वस्तीलाई व्यवस्थित बसोबासयुक्त गतिशिल शहरमा रुपान्तरण गरिनेछ । शहरी विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड स्थानीय परिवेशका आधारमा कडाइका साथ कार्यान्वयन गरिनेछ।

१७. भूमे गाउँपालिकामा एकीकृत, व्यवस्थित, वैज्ञानिक, सुरक्षित र हरित गाउँ शहर निर्माणको लागि गुरु योजना बनाईनेछ । यसै वर्ष एक गाउँलाई छनौट गरी स्मार्ट भिलेज निर्माणका लागि प्राथमिकता दिइनेछ।

१८. नमूना सरसफाइयुक्त गाउँपालिका निर्माण गर्न ३ वर्षे सरसफाइ कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । पहिलो चरणमा हरेक गाउँ/टोलमा घरको भित्ताको रङमा समानता ल्याउने, एक घर एक विरुवा, एक घर एक शौचालय, भान्सा सरसफाइ कार्यक्रमलाई कडाइका साथ कार्यान्वयन गरिनेछ। सूचक निर्धारण गरी नमूना सरसफाइयुक्त वडा घोषणा गर्ने कार्यको थालनी गरी आगामी वर्षदेखि विश्व वातावरण दिवसका अवसरमा उत्कृष्ट वडालाई पुरस्कृत गरिनेछ।

१९. स्वच्छ खानेपानीमा सबैको पहुँच अभिवृद्धि गरिनुका साथै सरसफाई र फोहरमैला तथा ढल व्यवस्थापनमा विशेष ध्यान दिईनेछ । मुहान संरक्षणको लागि आवश्यक व्यवस्था मिलाईनेछ फोहोर व्यवस्थापनका लागि घरघरमा कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी संकलन गर्ने कार्य कडाइका साथ कार्यान्वयन गरिनेछ । सार्वजनिक स्थल र विद्यालयहरुमा शौचालय निर्माण र फोहर व्यवस्थापनका लागि आवश्यक सामग्रीहरुको निःशुल्क व्यवस्था गरिनेछ।

२०. पर्यटन क्षेत्रलाई अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्न प्राकृतिक, ऐतिहासिक र सांस्कृतिक पर्यटन तथा युद्ध पर्यटन प्रवर्द्धनको लागि भाषा, कला, संस्कृतिको पहिचान, अध्ययन, संवर्द्धन, संरक्षण, विकास र प्रचारप्रसारको लागि आवश्यक पूर्वाधार विकासमा जोड दिईनेछ ।

२१. वातावरण र जलवायुमैत्री पूर्वाधारमा जोड दिएर जैविक विविधताको संरक्षण, संवर्द्धन तथा जलवायु अनुकूलन मार्फत पर्यापर्यटनको प्रवर्द्धनका लागि कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ। वन क्षेत्रको वैज्ञानिक एवं. दिगो व्यवस्थापन गरी वनजन्य उत्पादन अभिवृद्धि गरिनेछ । सामुदायिक वन विकास कार्यक्रम, निजी वन विकास कार्यक्रमलाई प्रभावकारी ढङ्गले संचालन गरिनेछ । सडक लगायतका पूर्वाधार विकास गर्दा अनिवार्य रुपमा वातावरणीय प्रभाव मूल्यांकन गर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ ।

२२. गरिबीको रेखामूनि रहेको जनसंख्या, गरिबीको गहनता, विषमता अध्ययन र विश्लेषण गरी आवश्यक कदम चाल्न आवश्यक व्यवस्था मिलाइनेछ र सम्बन्धित विषयगत निकायसँगको परामर्शमा

आवश्यक कार्ययोजना बनाई लागू गरिनेछ । कमजोर आर्थिक अवस्था भएका जनयुद्धका घाइते, अपाङ्ग र शहिद परिवारहरुलाई आवश्यक सहायताका लागि एउटा छुट्टै कोष खडा गर्न आवश्यक पहल गरिनेछ। अतिविपन्न, अशक्त, ज्येष्ठ नागरिकहरुलाई प्रमाणपत्रका आधारमा सेवा शुल्क वापतको कुनै पनि रकम लिइने छैन। दलित समुदायको सशक्तिकरण र क्षमता विकासको लागि विशेष कार्यक्रम बनाई दलित समुदायले परम्परादेखि अवलम्बन गर्दै आएका पेशाहरुलाई व्यवसायीकरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२३. युवा शक्तिलाई उद्यमशिलता, स्वरोजगार र आय आर्जनमा केन्द्रित गर्न तत्काल छोटो अवधिको तालिम दिइनेछ । यूवा तथा खेलकूद क्षेत्रको विकासको लागि ठोस कदम चालिनेछ।

२४. सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिवृद्धि गरी व्यापक सुधार गर्न **शैक्षिक क्षेत्र तत्काल सुधार कार्ययोजना** बनाई कार्यान्वयन गरिनेछ । विद्यालयको प्रशासकीय र व्यवस्थापकीय सुधारका लागि नियमित अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गरिनेछ। विद्यालय शिक्षा सुधार परियोजनालाई व्यवस्थित गरिनेछ । माध्यामिक विद्यालयहरुमा गुणस्तर कायम गरी प्राविधिक कक्षाहरु संचालनका लागि आवश्यक पहल र व्यवस्था गरिनेछ ।

२५. निरन्तर शिक्षा, सबैका लागि शिक्षा कार्यक्रमलाई निरन्तरता दिँदै शैक्षिक क्षेत्रको गुणस्तरका लागि समयसापेक्ष गुणस्तर कायम गर्न सूचना तथा संचार प्रविधि (ICT) पूर्वाधारमा जोड दिइनेछ । यस वर्ष एक वटा सामुदायिक सिकाई केन्द्रलाई ICT पूर्वाधार सहितको शैक्षिक सूचना केन्द्रको रुपमा विकास गरिनेछ ।

२६. गुणस्तरीय विद्यालय तथा सिकाइ केन्द्रहरुलाई प्रोत्साहन र पुरस्कारका साथै गुणस्तरहीन संस्थाले निश्चित समयभित्र सुधार गर्न नसके अन्यमा समाहित गर्ने तथा अनुदानको कटौती गर्ने नीति अवलम्बन गरिनेछ।

२७. नेपालको संविधानले व्यवस्था गरेको लक्षित वर्गको हकहितको सुनिश्चित गर्दै लंङ्गिक समता र समानता, सशक्तीकरण, मूलप्रवाहीकरण र अर्थपूर्ण सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ । संचालित आयोजना तथा कार्यक्रममा कम्तिमा ४० प्रतिशत महिला र कम्तिमा १० प्रतिशत अपांग वा अल्पसंख्याक वा दलित समुदायको सहभागिता सुनिश्चित गरिनेछ । लघु उद्यम तथा सीप विकास सम्बन्धी कार्यक्रमहरुमा लक्षित वर्ग, क्षेत्र, समुदायको सहभागितालाई पहिलो प्राथमिकतामा राखिनेछ।

२८. गाउँपालिका क्षेत्रभित्र सबैले सूचना तथा संचारको सहज पहुँच स्थापना गर्न सार्वजनिक संस्थान तथा निजी क्षेत्रको आगमनलाई प्रवर्द्धन गरिनेछ । ठाउँ ठाउँमा सञ्चार टावर स्थापना, टेलिफोन लाइन विस्तार तथा ब्रोडब्याण्ड इन्टरनेट विस्तारका लागि तत्काल सम्भाव्यता अध्ययन गरी सूचना तथा सञ्चारको विकासका लागि ठोस कदम चालिनेछ। सर्वसुलभ रुपमा फोन तथा इन्टरनेटको विस्तार र वितरणलाई व्यवस्थित गर्ने नीति लिइनेछ।

२९. विद्युतीय सरकारको अवधारणाका साथै विद्युतीय शासन, e-commerce, e-education, telemedicine र IT literacy & Media Literacy स्थापित गर्न सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गरिनेछ । सबै विद्यालयहरुमा अनिवार्य रुपमा विज्ञान प्रयोगशाला र कम्प्यूटर ल्याब स्थापना गरी पढाइ संचालन गर्न आवश्यक नीतिगत, प्रक्रियागत तथा आर्थिक सहयोग प्रदान गरिनेछ ।

३०. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ । जनताको नजिकमा सरकारको अनुभूति दिलाउन वडा कार्यालयबाट प्रवाह हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रभावकारी बनाई भ्रष्टाचारमुक्त र सुशासनयुक्त बनाइनेछ । वडा कार्यालयबाट हुने गरेका सार्वजनिक सेवाप्रवाह तथा विकास निर्माण सम्बन्धि कार्यको मासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ ।

३१. जनताको सूचनाको हकको प्रत्याभूति दिलाउन तथा सूचना तथा तथ्यांक व्यवस्थापनको लागि सूचना तथा अभिलेख केन्द्रको स्थापना गरिनेछ । सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परिक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।

३२. कुनै पनि सरकारी, गैरसरकारी संघसंस्था, निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिकाभित्र आयोजना, कार्यक्रम संचालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृति लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप आयोजना वा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ। ती निकायका बजेट तथा कार्यक्रम गाउँपालिकाको बजेट तथा कार्यक्रममा आवद्ध हुने गरी सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

अन्त्यमा, नेपालको संविधान कार्यान्वयनमा कोसे ढुङ्गा सावित भएको स्थानीय तहको निर्वाचन भव्य, सभ्य र भयरहित वातावरणमा सम्पन्न गर्न योगदान पुऱ्याइ स्थानीय तहको सरकारको हैसियतले यस सम्मानित सभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउने सुअवसर प्रदान गर्ने नेपाल सरकार, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी, निजी क्षेत्र, नागरिक समाज, संचार जगत तथा सम्पूर्ण गाउँपालिकाबासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !